# चुनावको मतपत्र कसरी भर्ने

HARMONY VOTES
ACTIVE & EQUAL

**हरियो मतपत्र प्रतिनिधी सभाको लागि**



**सेतो मतपत्र सिनेटको लागि**



## प्रतिनिधी सभा (House of Representatives)

मतपत्रमा, खालि बाकसको छेउमा चुनाबमा उठेका  बिभिन्न उमेद्वारहरुको नाम हुन्छ।

उमेद्वारको पार्टिको नाम उनिहरुको नामको तल लेखिएको हुन्छ।

त्यहाँ खालि बाकसको छेउमा पार्टिको लोगोको चित्र पनि राखिएको हुन्छ। यदि उमेद्वार कुनै पनि पार्टिको हैन भने, त्यसमा उनिहरुको नामको तल 'स्वतन्त्र' लेखिएको हुन्छ र उनिहरुको खालि बाकसको छेउमा पार्टीको लोगो हुँदैन।

1 2

**हरेक बाकसमा नंम्बर क्रमै संग लेख्नुहोला तपाईको प्रीय उमेद्वार देखी कम प्रीय उमेद्वारको क्रमा लेख्नुहोला**

तपाईले १ नंम्बर तपाईको प्रीय उमेद्वारको छेउको बाकसमा लेखेर सुरु गर्नुहोला।  अनि २ नंम्बर तपाईको दोश्रो प्रीय उमेद्वारको छेउको बाकसमा लेख्नुहोला। अनि ३ नंम्बर तपाईको दोश्रो प्रीय उमेद्वारको छेउको बाकसमा लेख्नुहोला।  हरेको बाकस नभरुन्जेल नंम्बर भरिरहनुहोला।




**तपाईले सम्पूर्ण खाली बाकसहरु**
भर्नुपर्नेछ, हरेक बाकसमा नंम्बर क्रमै संग लेख्नुहोला तपाईको प्रीय उमेद्वार देखी कम प्रीय उमेद्वारको क्रमा लेख्नुहोला

तपाईको मतदान सदर हुनकोलागि, तपाईले निश्चय गर्नुपर्ने कुराहरुः

- उहि नंम्बर दोहोर्याएर**नलेख्नुहोला**।
- नंम्बर फड्केर **नलेख्नुहोला**।
- ठिक वा बेठिक प्रयोग **नगर्नुहोला**।
- बाकमा खाली **नछाड्नुहोला**।
- तपाईले केहिकुरा**नलेख्नुहोला** लेख्नभएमा तपाई को हो भनेर चिन्नेछ।

# सिनेट (Senate)

**1** **मतपत्रमा कालो लाईन हुन्छ।** लाईनको तल वा माथी मतदान गर्ने छनौट गर्नुहोला। तपाईको मत गनिएको निश्चय गर्नकोलागि, **बाकसमा मात्र चिन्ह लगाउनुहोला <u>माथी</u> लाईनको वा <u>तल</u> लाईनको, दुबैमा हैन**

मतपत्रमा, खालि बाकसको छेउमा चुनाबमा उठेका तपाईको प्रदेश वा राज्यको बिभिन्न उमेद्वारहरुको नाम माथी पार्टीको लोगोको चिन्ह हुन्छ र खाली बाकस हुन्छ।

पार्टीको लागि उठेका उमेद्वारहरु लाईनको तल लेखिएको हुन्छ।

यदि उमेद्वार कुनै पनि पार्टिको हैन भने, त्यसमा उनिहरुको खालि बाकसको छेउमा पार्टीको लोगो हुँदैन। पार्टिको नामको सट्टामा लाईनको माथी 'स्वतन्त्र' वा केहि पनि नहुन सक्दछ।




## 2 लाईनको माथी

यदि लाईनको माथी मतदान गर्नुभएको छ भने, तपाईले **एउटा राजनिती पार्टी वा समुहलाई** भोट दिनुहुन्छ।

तपाईले कम्तीमा पनि ६ पार्टी वा समुहलाई भोट हाल्नु अनिवार्य छ, तपाईको प्राथमिकताको आधारमा १ देखी ६ सम्म संख्या लेखेर। यदि त्यहाँ ६ वा त्यो भन्दा कम पार्टी वा समुह उठेका छन् भने, तपाईले सबैलाई नंम्बर लेख्न अनिवार्य छ।

## 3 लाईनको तल

यदि लाईनको तल मतदान गर्नुभएको छ भने, तपाईले **एउटा उमेद्वारलाई** भोट दिनुहुन्छ।

तपाईले कम्तीमा पनि १२ उमेद्वारलाई भोट हाल्नु अनिवार्य छ, तपाईको प्राथमिकताको आधारमा १ देखी १२ सम्म संख्या लेखेर। यदि त्यहाँ १२यो भन्दा कम उमेद्वार उठेका छन् भने, तपाईले सबैलाई नंम्बर लेख्न अनिवार्य छ।

- तपाईले मतदान गर्न चाहानुभएको उमेद्वार वा राजनिती पार्टी रोज्नुहोला।
- तपाईको पहिलो रोजाईको खाली बाकसमा १ लेख्नहोला। तपाईको दोश्रो रोजाईको खाली बाकसमा २ लेख्नहोला। तपाईको तेश्रो रोजाईको खाली बाकसमा ३ लेख्नहोला। लाईन माथीको ६ बाकसमा नंम्बर नलेखुन्जेल जारि राख्नहोला, वा कम्तीमा लाईन तल १२ बाकसमा।
- तपाईले लाईनको माथी ६ भन्दा बढी पार्टीलाई भोट खसाल्न सक्नुहुन्छ वा १२ भन्दा बढी उमेद्वारलाई लाईन भन्दा तल बाकसमा नंम्बर तपाईले सम्पूर्ण पार्टी वा उमेद्वारलाई भोट नहालुन्जेल नसकुन्जेल सम्म जारी गर्नुहोला।